आज मिति २०८१।०७।३० गते (ने.स.११४५ कछलाथ्व चतुर्दशी) शुक्रबारका दिन विहान १०:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को दसौ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य ( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य ( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य ( वडा नं. ४ अध्यक्ष) | - |
| राजेश तिलिजा पुन | सदस्य ( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य ( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य ( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य ( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| श्याम पुर्जा | आ.सदस्य (वडा नं ४ का.वडाध्यक्ष) | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |
| | | |

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८१।०७।३० गते

समय : दिनको १०:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०७।२७ गते

**मिति २०८१।०६।३० गतेको कार्यपालिका बैठकका प्रस्तावहरुः-**

प्रस्ताव नं १ पूर्व निर्णयहरुको समीक्षा,
प्रस्ताव नं २ सार्वजनिक स्थलमा मिटर बक्स जडान गर्ने सम्बन्धमा,
प्रस्ताव नं ३ अन्नपूर्ण आधार शिविर जाने बाटोमा पर्यटकीय सुचना केन्द्र स्थापना,
प्रस्ताव नं ४ स्थानीय पाठ्यक्रम स्वीकृती सम्बन्ध गरी भुक्तानी गर्ने सम्बन्धमा,
प्रस्ताव नं ५ तातोपानी कुण्डमा भएको मर्मत सम्भारको लागि बजेट व्यवस्था सम्बन्धमा,
प्रस्ताव नं ६ पाउद्वार कुण्डको फलामको पोलहरु मर्मत संभार गर्ने सम्बन्धमा
प्रस्ताव नं ७ रातोपानी कुण्डमा ढुङ्गा नियन्त्रण सम्बन्धमा,
प्रस्ताव नं ८ आन्तरिक पर्यटन काज सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत सम्बन्धमा,
प्रस्ताव नं ९ प्रथम चौमासिकको सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा
प्रस्ताव नं १० विपन्न, जेष्ठ नागरिक र अपाङ्गता भएको व्यक्तीहरुको लागि न्यानो कपडा वितरण सम्बन्धमा,
प्रस्ताव नं ११ बजार अनुगमन प्रतिवेदनको सम्बन्धमा,
प्रस्ताव नं १२ कृषि अधिकृत र असिष्टेन्ट सब-इन्जिनियर पदपूर्ती सम्वन्धमा,
प्रस्ताव नं १३ पोखरेवगर-घोरेपानी जाने सडकको लुलाय, हल्लेखर्क, घोप्टखर्क खण्ड मर्मत सम्बन्धमा
प्रस्ताव नं १४ बैदेशिक छात्रवृत्तिका लागि विद्यार्थी विवरण यकिन एवं सिफारिस सम्बन्धमा
प्रस्ताव नं १५ वविधि

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

निर्णय १:

प्रस्ताव नं १ कार्यपालिकाको पूर्व निर्णयहरु समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यान्वयन भइरहेको पाइयो ।

१. आर्थिक ऐन, २०८१ को अनुसची-९ मा व्यवस्था भएको हेवी इक्युप्मेन्ट, ढुवानीका साधन तथा सार्वजनिक यातायातका साधन समेतको स्थानीय सडक उपयोग सेवा शुल्क (सुचीकरण शुल्क) संकलन गर्ने सम्बन्धमा वडाभित्र नियमित रुपमा चल्ने सवारी साधनहरुबाट वडा कार्यालयले नै सुचिकरण शुल्क उठाई गाउँपालिकामा जानकारी तथा राजश्व दाखिला गर्ने ।
२. आर्थिक ऐन, २०८१ को अनुसुची-९ मा व्यवस्था भएको गाउँपालिका क्षेत्र बाहिरबाट मालसामान विक्रि गर्न आउने सवारी साधन (ट्रक, लरीलाई) सुचिकृत तथा पटक शुल्क गाउँपालिका कार्यालय मार्फत नै गर्ने ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँपालिका कार्यालय अन्तर्गतका तपसिका कार्यालयहरु, र आय ठेक्का लाग्ने स्थानमा गाउँपालिकाको नाममा विद्युत मिटर जडान गर्ने ।

१. १ नं को वडा कार्यालय, दोवा ।
२. दोवामा रहेको ५ शैयाको अस्पताल
३. भुरुङ तातोपानी कुण्ड, वडा नं २ भुरुङ तातोपानी ।
४. पाउद्वार तातोपानी कुण्ड, वडा नं ५ पाउद्वार ।
५. रातोपानी तातोपानी कुण्ड, वडा नं ६ रातोपानी।
६. पुनहिल, वडा नं ६, घोरेपानी ।
७. औला हस्पिटल, वडा नं ७ हिस्तान ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा अन्नपूर्ण आधार शिविर जानेबाट पर्यटकीय सुचना केन्द्र स्थापना गर्ने लगायत अन्य विषयमा छलफल गर्न अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको प्रतिनिधि, वडा नं ४ नारच्याङको जनप्रतिनिधिहरु तथा पर्यटन व्यवसायीहरु र गाउँ कार्यपालिकाको संयुक्त बैठक मिति २०८१ मङ्सिर ८ गते विहान ८ बजे बस्ने ।

...प्रसाद शर्मा
...अधिकृत

...त कुमार पुन
...ध्यक्ष

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको मौजुदा पाठ्यक्रम कक्षा १-५ को पुनरावलोकन र पुनर्लेखन सहित कक्षा १-८ को पाठ्यक्रम र कक्षा २-८ को पाठ्यपुस्तक निर्माण कार्य RFP विधि मार्फत छनोट गरी नेपाल अनुसन्धान तथा कन्सलटेन्ट प्रा.लि. नागार्जुन, काठमाण्डौलाई दिइएकोमा सम्झौता बमोजिम कार्य सम्पन्न गरी अन्तिम प्रतिवेदन पेश गरेको हुँदा उक्त पाठ्यक्रम स्वीकृत गरी सम्झौतामा उल्लेखित रकम भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा कार्यपालिकाको मिति २०८१ श्रावण १५ गतेको निर्णयबाट भुरुङ तातोपानी कुण्डमा पाइप व्यवस्थापन गर्दा भएको प्राविधिक इस्टिमेट अनुसारको खर्च विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा पाउद्वार तातोपानी कुण्डमा रहेको फलामे पोलहरु तातोपानीले नष्ट भई छाना समेत खस्ने जोखिम भएकाले उक्त फलामे पोल लगायत अन्य संरचनाहरुको मर्मत गरी सुरक्षित बनाउनु पर्ने भएकाले प्राविधिक इस्टिमेट गरी तत्काल मर्मत गर्ने र विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा वडा नं ६ मा रहेको रातोपानी कुण्डमा ठुलो ढुङ्गा खस्न लागी जोखिम बढेकाले प्राविधिक इस्टिमेट अनुसार रिटेनिङ वाल लगाइ ढुङ्गा खस्नबाट रोक्ने तथा विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं ८:

प्रस्ताव नं ८ उपर छलफल गर्दा गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम कार्यान्वयनको लागि तयार भएको "आन्तरिक पर्यटन काज सम्बन्धी कार्यविधि, २०८१" स्वीकृत गर्ने ।

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

निर्णय नं ९

प्रस्ताव नं ९ उपर छलफल गर्दा आर्थिक बर्ष २०८१।८२ को प्रथम चौमासिकको सार्वजनिक सुनुवाई २०८१ मंसिर १६ गते विहान ११:०० बजे घार वडा कार्यालयमा गर्ने ।

निर्णय नं १०

प्रस्ताव नं १० उपर छलफल गर्दा गाउँपालिकाको महिला तथा बालबालिका शाखा अन्तरगतको स्वीकृत विपन्न, जेष्ठ नागरिक र अपाङ्गता भएको व्यक्तिहरुको लागि न्यानो कपडा वितरण सम्बन्धी कार्यक्रम सञ्चालनको लागि तत्काल खरिद कार्य अघि बढाई प्रत्येक वडामा रहेको लाभग्राहीहरुलाई वडाको सिफारिसको आधारमा प्राथमिकता निर्धारण गरी वितरण गर्ने ।

निर्णय नं ११

प्रस्ताव नं ११ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिका कार्यालयद्वारा चाडपर्वलाई लक्षित गरेर मुख्य बजार क्षेत्रहरु पोखरेवगर, घार, घोरेपानी, तातोपानी, दानामा गरिएको बजार अनुगमनको जानकारी प्राप्त भयो । बजार अनुगमनले उपभोक्ता तथा व्यवसायीहरुमा सकारात्मक प्रभाव परेकाले बाँकी वडाहरुमा पनि नियमित रुपमा बजार अनुगमन गर्ने व्यवस्था मिलाउने ।

निर्णय १२

प्रस्ताव नं १२ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकामा कार्यरत कृषि अधिकृत कृति आचार्यले मंसिर १ गते देखि लागु हुने गरी कार्यालयमा राजिनामा पेश गर्नुभएको र मिति २०८१।०६।१५ मा विज्ञापन गरिएको असिष्टेन्ट सब-इन्जिनियर पदमा लिइएको परिक्षामा कुनै उम्मेद्वार पनि सफल नभई रिक्त भएकाले कृषि अधिकृतको लागि १५ दिने सूचना र असिष्टेन्ट सब-इन्जिनियरको लागि ७ दिने (दोस्रो पटक) विज्ञापन गर्ने ।

निर्णय १३

प्रस्ताव नं १३ उपर छलफल गर्दा पोखेरवगर-घोरेपानी सडकको लुलाय घुम्ति, हल्केखर्क, घोप्टेखर्कको मर्मत गर्ने विषयमा सम्बन्धित निकायहरुमा छलफल गरी आवश्यक कार्य गर्ने ।

निर्णय नं १४

वैदेशिक रोजगारीमा गएर मृत्यु, अंगभंग वा विरामी भई शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत बालबालिकाहरुलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० अनुसार चालु आ.व २०८१/०८२ मा प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका नेपालको कुनै पनि सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उक्त कार्यक्रममा समावेश हुनको लागि नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक बोर्डको सचिवालय, बबरमहल काठमाण्डौबाट मिति २०८१/०४/३१ गते प्रकाशित सूचना अनुसार यस स्थानीय तह स्थायी ठेगाना भई हाल विभिन्न विद्यालयमा अध्ययनरत देहायका निवेदक विद्यार्थीहरुलाई विद्यालयको सिफारिसको आधारमा स्थानीय IEMIS मार्फत थप यकिन गर्दै छात्रवृत्ति रकम उपलब्ध गराईदिनको लागि अनुसूची-३ बमोजिमको ढाँचामा वैदेशिक बोर्डको सचिवालय समक्ष सिफारिस गर्ने।

| क्र.स. | विद्यार्थीको नाम र थर | विद्यालयको नाम | जन्म मिति | कक्षा | वैदेशिक रोजगारमा मृत्यु/ अशक्त भएको परिवारको नाम | वैदेशिक रोजगारमा मृत्यु / अशक्त भएको परिवारसंग नाता | राहदानी नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कृषा बुढाथोकी | श्री जनकल्याण आधारभुत विद्यालय देवदह बुटवल रुपन्देही | २०७४-०४-०५ | ३ | स्व. हित बहादुर बुढाथोकी | छोरी | PA0178591 | पहिला १२००० पाएको हाल नविकरण |
| २ | सुजा बि क | डाईनामिक ऐकेडेमिक , पोखरा -८ , सिमलचौर कास्की | २०६३-०८-२८ | १२ | सोम बहादुर विश्वकर्मा | छोरी | ०८८३११५४ | पहिला १६००० पाएको हाल नविकरण |
| ३ | मिरा विश्वकर्मा | श्री शान्ति माध्यमिक विधालय , पोखरा — १६, जुम्लेटी कास्की | २०६९-१०-२० | ६ | सोम बहादुर विश्वकर्मा | छोरी | 08831154 | १२००० पाएको हाल नविकरण |
| ४ | श्रीया वि.क | ज्ञान प्रकाश मा.बी दाना | २०७६-०१-१२ | १ | शिब बिश्वकर्मा | छोरी | 07953013 | नयाँ |
| ५ | सोहम विश्वकर्मा | ज्ञान प्रकाश मा.बी दाना | २०७०-०७-११ | ६ | शिब बिश्वकर्मा | छोरा | 07953013 | नयाँ |

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

निर्णय नं १५

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिलको निर्णय गरियो ।

१. मिति २०८१।०७।११ गते मिना गर्बुजा पुन ( श्री होटल हटस्प्रीङ प्रा.लि.- अख्तियारी प्राप्त व्यक्ती)ले गाउँपालिकामा पुनहिलमा आवश्यक सामग्री खरिद गरी व्यवस्थापन गर्ने सम्बन्धमा छलफल गर्दा तपसिल बमोजिम गर्ने ।
   - शौचालयको ढोका मर्मत गर्न लगाउने र भुक्तानी गर्ने ।
   - पुनहिल टावरको छाना मर्मत सम्बन्धमा योजना निर्माण गरेर मात्र बढाउनु पर्ने हुदा हालमा उक्त कार्य नगर्ने ।
   - डसविन सानो (१० वटा)- ठुलो (१० वटा) — खरिद गर्ने र प्रदान गर्ने ।

२. ३ नं वडा कार्यालय दानाबाट मिति २०८१।०७।२५, प.स. २०८१।८२, चलानी नं १९८ पत्रको सिफारिस र पत्रको साथमा प्राप्त वडा कार्यालयमा भएको बैठकको निर्णय उपर छलफल गरियो । आगामी दिनमा वडा कार्यालय तथा स्वास्थ्य चौकीको कर्मचारीहरु खटनपटन गर्दा सम्बन्धित वडाको प्रतिनिधिहरु संग छलफल गरेर मात्र कर्मचारीको आन्तरिक सरुवा गर्ने ।

३. २ नं वडा कार्यालयमा भएको कार्यालय पार्टेसनको विल भुक्तानी गर्न र गाउँपालिका कार्यालयले भाडामा लिएको घरमा शाखाहरु व्यवस्थापन गर्नको लागि पार्टेसन गर्नको लागि प्राविधिक इस्टिमेट गरी कार्य अघि बढाउने र विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार पुन
अध्यक्ष